भाषा संस्कृतिको क्षेत्रमा योगदानमा आधारित प्रोत्साहन तथा प्रादेशिक प्रतिभा पुरस्कार (पहिलो संशोधन) कार्यविधि, २०८२

प्रस्तावना: भाषा संस्कृतिको क्षेत्रमा योगदानमा आधारित प्रोत्साहन तथा प्रादेशिक प्रतिभा पुरस्कार कार्यविधि, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "भाषा संस्कृतिको क्षेत्रमा योगदानमा आधारित प्रोत्साहन तथा प्रादेशिक प्रतिभा पुरस्कार (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. भाषा संस्कृतिको क्षेत्रमा योगदानमा आधारित प्रोत्साहन तथा प्रादेशिक प्रतिभा पुरस्कार कार्यविधि, २०८२ को दफा ७ पछि दफा ७क. थप: भाषा संस्कृतिको क्षेत्रमा योगदानमा आधारित प्रोत्साहन तथा प्रादेशिक प्रतिभा पुरस्कार कार्यविधि, २०८२ को दफा ७ पछि देहायको दफा ७क. थप गरिएको छ:-

"७क. पुरस्कार सम्बन्धी व्यवस्था: दफा ७ बमोजिम सिफारिस भएका व्यक्तिलाई देहाय बमोजिमको पुरस्कार प्रदान गरिनेछ:-

(क) भाषा एवं साहित्य विधामा रत्नाकर देवकोटा भाषा एवम् साहित्य पुरस्कार

(ख) संस्कृति विधामा योगी नरहरिनाथ संस्कृति प्रतिभा पुरस्कार

(ग) संगीत एवम् नाट्य विधामा अमरसिंह ढोली संगित एवम् नाट्य प्रतिभा पुरस्कार

(घ) ललितकला विधामा तुलसीराम कुँवर ललितकला प्रतिभा पुरस्कार